हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १५ मितिः २०८१।०८।१७

## भाग-२

## हेलम्बु गाउँपालिका

कार्यपालिकाबाट पारित मितिः २०८१।०८।१४

प्रमाणिकरण मितीः २०८१।०८।१७

## "गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१"

**प्रस्तावनाः**

हेलम्बु गाउँपालिका क्षेत्र भित्र कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा गाई भैंसी प्रवर्द्धन कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले बागमती प्रदेशको प्रदेश शसर्त तर्फको पशुपालन प्रवर्द्धन(भैंसी) कार्यक्रम सञ्चालनको लागि हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षित नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१"** रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले **"गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१"** सम्झिनु पर्दछ।

(ख) **"कार्यक्रम" भन्नाले गाई/भैंसी प्रवर्द्धन कार्यक्रम, २०८१** सम्झिनु पर्दछ।

(ग) **"कार्ययोजना"** भन्नाले दुध उत्पादन बढाउन व्यवसायिक रुपमा गाई/भैसी पालन गर्न अनुसूचि ५ बमोजिम तयार गरिएको कार्ययोजना सम्झिनु पर्दछ।

(घ) **"कार्यालय"** भन्नाले हेलम्बु गाउँकार्यपालिकाको कार्यालय सम्झिनु पर्दछ।

(ङ) **"शाखा"** भन्नाले हेलम्बु गाउँपालिकाको पशु सेवा शाखा सम्झिनु पर्दछ।

(च) **"वडा कार्यालय"** भन्नाले हेलम्बु गाउँकार्यपालिका मातहातका सवै ७ (सात) वटा वडाहरु सम्झिनु पर्दछ।

(छ) **"आवेदक"** भन्नाले कार्यक्रम संञ्चालनका लागि आवेदन दिएका कृषक समूह/सहकारी/निजि क्षेत्र सम्झिनु पर्दछ।

(ज) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम संञ्चालनका गर्न छनौट भएका गाईभैसी पालन कृषक समूह/सहकारी/निजि क्षेत्र सम्झिनु पर्दछ।

(झ) **"निजि क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फार्म सम्झिनु पर्दछ।

(ञ) **"कृषक समूह"** भन्नाले प्रचलित कानून बमोजीम दर्ता भएका कृषक समूह सम्झिनु पर्दछ।

(ट) **"सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झिनु पर्दछ।

(ठ) **"अनुगमन तथा मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झिनु पर्छ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेकोछ।

(क) हेलम्बु गाउँपालिकामा बाहिरबाट आयात गरिने गाई/भैसीँ, राँगो, पाडापाडीको संख्या कम गराउदै निर्यात प्रवर्द्धन गर्ने।

(ख) दूध र मासुको आयातलाई प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

(ग) गाई/भैंसीपालन पेशालाई मर्यादित र व्यावसायिक बनाउने।

(घ) पशुपालनजन्य उपादन र उत्पादकत्वमा वृद्धि गरि कृषकको आयस्तरमा सुधार ल्याउने।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

४. **अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समितिः** (१) गाई/भैंसी प्रवर्द्धन कार्यक्रम संञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी,पारदर्शी तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि **अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समिति** देहाय बमोजिम गठन हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) कृषि विकास शाखा प्रमुख | सदस्य |
| (ङ) पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समितिले निर्णय गर्दा देहायका आधारहरुमा मूल्याङ्कन गर्नुपर्दछ।

(क) अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समितिले गरेको स्थलगत अनुगमन प्रतिवेदन तथा अनुसूची-२ बमोजिमका मूल्याङ्कनका आधारहरुको विवरण।

(ख) आवेदकले पेश गरेको अनुसूची-१ बमोजिमको निवेदन, अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची- ५ बमोजिमका कार्ययोजना विवरण।

(ग) विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु संञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची-५ बमोजिमको स्व- घोषणा पत्र ।

(३) उपदफा (२) बमोजिमको सूचकहरूको आधारमा अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समितिले अंक विभाजन गरि कृषक तथा साझेदार संस्था छनौट गर्नेछ।

## परिच्छेद-३
## कार्यक्रम संञ्चालन प्रक्रिया

**५. सूचना प्रकाशनः** (१) गाउँपालिकाले कार्यक्रम संञ्चालनको लागि गाउँपालिकाको वेवसाइट तथा फेसवुक पेजमा अनुसूचि-१ बमोजिमको ३० दिने आवेदन मागको सूचना प्रकाशन गरी माग संकलन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र पर्याप्त आवेदनहरु पेश हुन नआएको खण्डमा दोस्रो पटकका लागि ३० दिने सूचना प्रकाशन गर्न सक्नेछ। र दोस्रो पटक पनि कुनै आवेदन नआएमा तेस्रो पटकका लागि १५ दिने सूचना प्रकाशन गर्न सक्नेछ।

**६. प्रस्ताव पेश गर्नेः** कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु अनुसूची-२ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूची-५ बमोजिमका कार्ययोजना विवरण ,अनुसूची-६ बमोजिमको स्व-घोषणा पत्र र सूचनामा माग बमोजिम अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

**७. कार्यक्रम संञ्चालनः**

(१) यस कार्यक्रम गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमका वडाहरुमा संञ्चालन गरिनेछ।

(२) निजी क्षेत्रका आवेदकले कम्तिमा २ वटा वा सो भन्दा वढि गाई/भैंसी पालन गरेको हुनुपर्नेछ।

(३) समूह वा सहकारीको हकमा कम्तिमा १० जना गाई/भैंसीपालन कृषक सदस्य समावेश हुनुपर्नेछ। र प्रत्येक सदस्यले कम्तिमा २ वटा गाई/भैंसी पालन गरेको हुनुपर्नेछ।

(४) दफा २ र ३ बमोजिम छनौट भएका व्यक्ति/कृषक/कृषक समूह/सहकारी/संस्थाहरुलाई गाउँपालिकाले अनुसूचि ७ बमोजिम सम्झौता गर्नेछ र छनौट भएका व्यक्ति/कृषक/कृषक समूह/सहकारी/संस्थाहरुलाई देहायका क्रियाकलापहरू सञ्चालनको लागि विनियोजित बजेटको परिधि भित्र रहेर आर्थिक विकास समितिको निर्णयमा अनुदान रकम उपलब्ध गराउनेछ।
क) गाई/भैंसी खरिद,
ख)गोठ निर्माण तथा सुधार,

ग) पशु स्वास्थ्य प्रवर्द्धन,

घ) फार्ममा आवश्यक यन्त्र,उपकरण,

ङ) प्रजनन् योग्य राँगो खरिद,

च) जैविक सुरक्षाको व्यवस्थापन।

**८. अनुदान प्रतिशत र सीमाः**

(१) कूल लागतको बढीमा ५० प्रतिशत अनुदान र कम्तिमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ।

(२) बिगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु संञ्चालनका लागि संघ, प्रदेश र स्थानीय सकारबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रमहरुमा छनौट गर्न पाइने छैन।

**९. साझेदार संस्थाको छनौटः** अनुगमन तथा प्रस्ताव मूल्याङ्कन समितिले पेश भएका प्रस्तावको मुल्याङ्कन तथा स्थलगत अनुगमनको आधारमा साझेदार संस्थाको छनौट गर्नेछ।

**१0.सम्झौताः** छनौट भएका आवेदकहरुसंग गाउँकार्यपालिकाको कार्यालयले अनुसूची-७ बमोजिमको सम्झौता गर्नेछ।

## परिच्छेद-४
## कार्यक्रम संञ्चालनको आर्थिक पक्ष

**११. भूक्तानीको लागि गर्नुपर्ने कार्यहरूः**

(१) अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले सम्झौता बमोजिम दफा ५ मा उल्लेखित कार्यको विल/भरपाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) यस कार्यक्रमको लेखा परीक्षण तथा आर्थिक कारोबार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ।

**१४. भुक्तानी प्रकृयाः** (१) सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रही भुक्तानी गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जे सुकै लेखिएको भएता पनि व्यक्ति/कृषक/कृषक समूह/सहकारी/संस्था आफैले बजारबाट खरिद गर्न चाहेमा गाउँपालिकाको सम्बन्धित पशु प्राविधिकको समेत संलग्नतामा खरिद गरिने गाई/भैसीको मुल्याङ्कन गरी कूल मुल्यमा ५० प्रतिशत लागतको अनुदान रकम फर्मको विल भरपाईका आधारमा भुक्तानी गरिनेछ ।

## परिच्छेद-५

## विविध

**१५. अनुगमन तथा मुल्याङ्कनः** पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मुल्याङ्कन समितिले मुल्याङ्कनको आधार मानि मुल्याङ्कन गर्नुपर्नेछ ।

**१६. कारवाहीको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ । अन्य कार्यक्रममा समावेश गरिने छैन ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून बमोजिम नै हुनेछ ।

**१८. संशोधनः** यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधा अड्चन परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूचीः १

**भैंसी प्रवर्द्धन कार्यक्रममा प्रस्ताव आह्वानको सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मितिः

प्रस्तुत विषयमा हेलम्बु गाउँपालिका को आ.व. ...................... को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .......................................... को लागि ईच्छुक कृषक, कृषक समुह/समिति/सहकारी र निजि फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशीत गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र **गाई/भैंसी प्रवर्द्धन कार्यक्रम संञ्चालन कार्यविधि,२०८१** को **अनूसुचि ५** बमोजिमको कार्ययोजना र **अनुसूचि -२** बमोजिमको निवेदन सहित कार्यालय समयमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

पेश गर्नुपर्ने कागजातहरूः

- रू १० को हुलाक टिकट सहितको निवेदन।
- सम्बन्धित व्यक्तीको नेपाली नागरिकताको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
- जग्गाको स्वामित्व देखिने कागजात(भाडामा भए ५वर्षको सम्झौता पत्रको प्रतिलिपी)।
- प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्र र करचुक्ताको प्रतिलिपी।
- स्थायी लेखा नम्बर/ भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।
- प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र।
- कृषक समूह/समिति/सहकारीका सदस्यहरूको नामावली।
- कृषक समूह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी।
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान।
- औजार उपकरण खरिदको हकमा कोटेशन।
- कार्यक्रम कार्यान्वयन गर्ने स्थलगत फोटो।

## अनुसूचि-२

## आवेदन पत्रः

मितिः

श्री शाखा प्रमुख ज्यू,
पशु सेवा शाखा
हेलम्बु गाउँपालिका।

विषयः अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ........................... गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम गाई/भैंसी प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सूचनामा खुलाईएको तपसिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गर्दछु ।

निवेदककोः
नामः
दस्तखतः
ठेगानाः
मोवाइल नंः
संस्थाको छापः

## अनुसूची-३

**गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि व्यक्ति/कृषक/कृषक समूह/सहकारी/संस्था छनौट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरु**

| क्र. नं. | आवेदकको नाम | ठेगाना | कार्ययोजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव/ तालिम (१०) | आफैले गाई/भैसी संकलन गरी हुर्काई रहेको संख्या (१०) | भौगोलिक उपयुक्तता (५) | घाँस गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (२५) | कुल प्रसाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |
| १४ | | | | | | | | | |
| १५ | | | | | | | | | |
| १६ | | | | | | | | | |
| १७ | | | | | | | | | |
| १८ | | | | | | | | | |
| १९ | | | | | | | | | |
| २० | | | | | | | | | |

## अनुसूची-४

## प्रतिबद्धता पत्र

हेलम्बु गाउँपालिकाको आ.व. …………को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मिति………………… गते प्रकाशित सूचना अनुसार………………………………………… कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा हेलम्बु गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौ। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/ बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौ ।

**साझेदारको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नंः
दस्तखतः
मितिः
संस्थाको छापः

औंठाको छाप

**अनुसूची -५**
**कार्ययोजना विवरण**

१. व्यवसायको परिचयः-

२. उद्देश्यः-

३. गाई/भैंसी पालन व्यवसायमा अनुभवः-

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः-

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः-

६. साझेदारीमा गाई/भैसी प्रवर्द्धन गर्ने आवेदकले न्यूनतम अनुदान रकम र स्व लगानी रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

| क्र.स. | सन्चालन गरिने क्रियाकलाप | माग गरिएको अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. अपेक्षित बार्षिक प्रतिफलः

आवेदन पेश गर्ने साझेदारकोः

निजि फार्म/समूह/सहकारीको

नाम.................................................. सम्पर्क नं..........................

ठेगानाः जिल्ला...........................गाउँपालिका/नगरपालिका....................वडा नं..........

गाउँ/टोल..................................

गाई/भैसी पालन गरिने स्थानः

**आवेदकको तर्फबाट सही गर्नेकोः-**

नामः-

दस्तखतः-

मितीः-

औठाको/संस्थाको छाप

## अनुसूची -६

## स्व-घोषणा पत्र

श्री शाखा प्रमुख ज्यू,
हेलम्बु गाउँपालिका पशु सेवा शाखा,
हेलम्बु, सिन्धुपाल्चोक ।

विषयः- गाई/भैंसी प्रवर्द्धन कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ...........................को सूचना अनुसार ...................................... ले गाई/भैंसी प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुदाँ तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं । यदि यस स्व-घोषणामा झुठो पाईएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ।

तपसिलः

१.	यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

२.	कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।

३.	विगतका आर्थिक वर्षमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

**आवेदकको नामः**
पदः
ठेगानाः
समूह/सहकारीको नामः
समूह/सहकारी छापः
सम्पर्क नंः
औंठाको/संस्थाको छापः

## अनुसूची-७
## सम्झौता-पत्र

आ.व. ....................मा सञ्चालन हुने भैंसी प्रवर्द्धन कार्यक्रमको लागि हेलम्बु गाउँपालिकाको कार्यालय, हेलम्बु सिन्धुपाल्चोक (यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका निजी क्षेत्र ............(यस पछि दोश्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सझौता भएको छ।

तपसिलः

१. यो सम्झौता चालु आ.व. ........................को लागि मात्र हुनेछ ।
२. दोस्रो पक्षले दफा ४ बमोजिमको गाई/भैंसी फार्ममा कार्ययोजना अनुसार कार्य गर्नुपर्नेछ।
३. प्रथम पक्षले बुँदा नं. १ बमोजिम कार्यको लागि रु. ................................अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

४. दोस्रो पक्षले अनुदान रकम नियमानुसार खर्च गरी खर्चको प्रमाणित विल भर्पाइ प्रथम पक्षलाई बुझाउनुपर्नेछ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई गाई/भैंसी प्रवर्द्धन कार्यक्रमका लागि सम्झौता बमोजिमको अनुदान रकम कार्ययोजना बमोजिम कार्य सम्पन्न भए पश्चात नियमानुसार करकट्टी गरि दोस्रो पक्षको बैंक खातामा जम्मा गरी उपलब्ध गराउनेछ।

६. दोश्रो पक्षले प्रथम पक्षवाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ।

८. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वमं हुनेछ।

९. अनुदान रकम लिई सकेपछि कम्तीमा २ बर्षसम्म गाई/भैंसीको संख्या घटाउन पाईने छैन।

१०. दोश्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सोको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ।

११. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **साझेदार संस्थाको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नंः | सम्पर्क नंः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**रोहबर**

१.

२.

३.

**इति सम्वत्.................साल...........महिना............रोज.................**

प्रमाणीकरण मितिः २०८१/०८/१४

आज्ञाले

राजुभाइ श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत